# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

### रुपैयाँ २० दरको नोट प्रचलनमा ल्याउने बारेको सूचना

यस बैंकले रुपैयाँ २० दरको साविककै आकार तथा रङ्गमा, सङ्केत नं. ठ/८७ ०००००१ देखि त/१८ ९९९९९९ सम्म, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ २० रुपैयाँ बिस तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट सम्बत् २०८० साल असोज महिना १९ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोटको अग्र भागमा :

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

३. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा गभर्नर महा प्रसाद अधिकारीको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको **Series Number** नेपालीमा "वि.सं. २०७९" लेखिएको ।

नोटको पृष्ठ भागमा :

१. नोटको मध्य भागको माथिल्लो खण्डमा अंग्रेजीमा "**NEPAL RASTRA BANK**" लेखिएको ।

२. नोटको मध्य भागमा दुईवटा बाह्रसिंगाको चित्र रहेको ।

३. नोटको तल्लो भागमा अंग्रेजीमा "**RUPEES TWENTY**" लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको **Series Number** अंग्रेजीमा "**2023 A.D.**" लेखिएको ।

मिति : २०८०-०६-१९

*"नोट राष्ट्रको सम्पत्ति हो यसको जतन गरौं ।"*